# माओवादी द्वन्द, सामुदायिक वन र जीविकोपार्जनः नेपालमा गरीबमूखी सामुदायिक वन प्रक्रियाको शुरूवात तथा विकास

✍अब्दुल सहिम अन्सारी, निर्मल कुमार वि.क., रबि कुमार श्रेष्ठ र सुदिल गोपाल आचार्य

## परिचय

साधारण बोलीचाली एवं शैक्षिक छलफलहरूमा हिंस्रक द्वन्दले विकास प्रक्रियामा सकारात्मक वा नकारात्मक रूपमा के कस्तो प्रभाव पार्छ भन्ने कुराको विवाद यथावत रूपमा रहेको छ। रचनात्मक हिसाबले हेर्दा द्वन्दले पुराना तथा शोषणयुक्त आर्थिक सामाजिक संरचनाहरूको विनास गरी नयाँ तथा न्यायिक आर्थिक सामाजिक संरचनाको निर्माणमा एक प्रमुख कारकको रूपमा काम गर्दछ। जनताको नयाँ सामाजिक आर्थिक आवश्यकताहरूको समाधानमा टेवा पुऱ्याउँदछ। नेपालको सन्दर्भमा धेरै पुराना एवं जीर्ण आर्थिक सामाजिक संरचनाहरूको नाश नभए सम्म नयाँ किसिमको सामाजिक आर्थिक व्यवस्थाको शुरूवात हुँदैन भन्ने गरिएता पनि हिंस्रक द्वन्दले कुनै पनि विकासको मूल्य र लगानीलाई बढाउँछ जुन नेपाल जस्तो गरीब राष्ट्रको लागि फलदायी हुँदैन।

यो लेखमा हिंस्रक द्वन्दले समाजमा नकारात्मक प्रभावको अलावा स्थानियस्तरमा सामुदायिक वन व्यवस्थापन मार्फत् गरीबमुखी परिवर्तनको शुरूवात गरेको कुरालाई प्रष्ट पार्न एक दशक लामो माओवादी द्वन्दले निम्त्याएको परिस्थितिलाई विवेचना गरिएको छ। खास गरी द्वन्द र विकास प्रयासका आयामहरूले कसरी विभिन्न संघ संस्थाहरूमा सकारात्मक परिवर्तन ल्याउँछ भन्ने कुरा उल्लेख गरिएको छ। यस लेखमा नेपालको कोशी पहाडी क्षेत्रमा भएका सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.)का विकास प्रयासमा कसरी द्वन्दले प्रभाव परेको छ भन्ने कुरामा जोड दिनुका साथै यो कसरी जीविकोपार्जनको लागि वन कार्यक्रम (एल.एफ.पी.)को गरीबमूखी विकास अवधारणासँग तालमेल खान्छ भन्ने कुरा समेत दर्शाउन खोजिएको छ।

माओवादी द्वन्दले पुस्तौंदेखि बञ्चितीकरणमा परेका र सिमान्तकृत समूहहरूलाई सशक्त बनाउनुका साथै सामुदायिक वनको स्रोतमा उनीहरूको पहुँच बढाएको तथा न्यायिक लाभांश वितरण प्रणालीमा टेवा पुऱ्याउन स्थानीय रूपमा काम गर्ने संघ संस्थाहरूलाई समेत सकारात्मक परिवर्तनको दबाब दिएको पाइन्छ। द्वन्द जहिले पनि नकारात्मक नहुने भएकाले यसले विकास प्रक्रियालाई सधैं अवरूद्ध पार्दैन बरू उल्टै विकास प्रक्रियालाई बढी फलदायी पार्न स्थानीय तहका कमजोर वर्ग एवं समुदायलाई सहभागी गराउन दबाब तथा उपयुक्त वातावरण सिर्जना गर्दछ।

## सन्दर्भ

नेपालमा राज्य र माओवादीको बीचमा चलेको करीब एक दशक (वि.सं. २०५२-२०६२) लामो संघर्षले जनताको दैनिक जीवनका साथै विकास प्रक्रियालाई समेत प्रभाव पाऱ्यो। यो द्वन्दले राज्यबाट पाउने सुविधाहरूका साथै वन क्षेत्रबाट आउने सुविधाहरूमा समेत नराम्रो प्रभाव पार्दा जनताले पाउने सेवाहरू घट्न थाले (बन्जाडे र तिम्सीना २००५)। सरकारले तय गरेको योजनाबद्ध लक्ष्य पूरा गर्नमा पनि असर पर्न गई राजश्व उठ्तीमा समेत नकाराकत्मक प्रभाव परेको थियो (रा.यो.आ.२००८)। यो द्वन्दले वन जङ्गलको वरिपरि बस्ने ग्रामीण जनताका साथै सा.व. विकास प्रक्रियाका स्थानीय र केन्द्र स्तरका क्रियाकलापलाई समेत निकै नै प्रभावित गऱ्यो। द्वन्दको दौरानमा सा.व.उ.स.हरू राज्य र विद्रोही पक्ष दुवैबाट प्रभावित भए। विद्रोही पक्षका हात हतियारहरू लुकाउने र उनीहरू आफैं पनि लुक्ने ठाउँ वन जङ्गल नै भएकाले यसलाई राज्यको सुरक्षा अङ्गले पनि निकै प्रभावित गऱ्यो। त्यो

समयमा सुरक्षा निकायले कहिलेकाहीं स्थानीय व्यक्तिहरू, जिल्ला वन कार्यालय (जि.व.का.) र एल.एफ.पी.का कर्मचारीहरू समेतलाई वन जङ्गल प्रवेश गर्नबाट रोक लगाएकाले (उप्रेती २००६) वन पैदावार सङ्कलनका साथै वन सर्वेक्षण लगायतका प्राविधिक कार्यहरू गर्नलाई पनि प्रत्यक्ष प्रभाव पऱ्यो । खासगरि वनमा आधारित गरीब समुदायहरू यसबाट प्रत्यक्ष मर्कामा परेका थिए । वन तस्करहरू पनि जङ्गल प्रवेश गर्न डराउनाले गैर कानुनी रूपमा हुने वन फडानी र जनावरको चोरी निकासी भने केही मात्रामा घटेको थियो र जनावरहरूको संख्या तथा जैविक विविधतामा केही सकारात्मक असर परेको थियो ।

माओवादीबाट बढी प्रभावित पूर्व पहाडका क्षेत्रहरूमा ऐतिहासिक रूपमा रहेको जमिन माथिको स्वामित्वको किपट प्रणालीले प्राकृतिक स्रोत व्यवस्थापनमा बढी प्रभाव पारेको थियो । किपट प्रणाली वि.सं. २०१६ मा अन्त्य भएता पनि यसको अवशेषहरू कोशी पहाडी क्षेत्रका संखुवासभा र भोजपुरमा अझै देख्न पाइन्छ । यस क्षेत्रका बासिन्दाहरूले किपटमा राज्यको स्वामित्व स्वीकार्न मानेका छैनन् । यस सन्दर्भमा माओवादीका विभिन्न भातृ संगठनहरूले आफ्नो राजनीतिक अभिष्ट पूरा गर्न किपट प्रणालीलाई ब्युझाउन जोड दिएका छन् । द्वन्दकालमा कोशी पहाडी क्षेत्रमा माओवादीले १२ वटा रेन्जपोष्ट ध्वस्त गर्नाले फिल्डस्तरका वन कर्मचारीहरू जिल्ला सदरमुकाममै बस्न बाध्य भए । माओवादीहरूले समानान्तर सरकारको अवधारणा राखेर यो क्षेत्रलाई लिम्बूवान राज्य घोषणा समेत गरे । यहाँका केही क्षेत्रहरूमा माओवादीहरूले सा.व.का स्रोतहरू कसरी प्रयोग गर्ने भन्ने बारेमा नियमहरू बनाएका थिए । द्वन्दको समयमा राज्य र विद्रोही दुबै पक्षले सा.व.उ.स.को आम भेला गर्न गराउन नपाउने गरी उर्दी समेत जारी गरेका थिए ।

यस क्षेत्रमा वनको नीतिअनुसार जि.व.का.द्वारा सामुदायिक वन, कबुलियति वन, निजि वन र सरकारद्वारा व्यवस्थित वन व्यवस्थापनका कार्यक्रमहरू संचालन गरिएका छन् । बेलायत सरकारको डी.एफ.आइ.डी.को सहयोगमा एल.एफ.पी.ले यस क्षेत्रमा सन् २००१ देखि अविछिन्न रूपमा (जि.व.का.) र नागरिक समाजसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । एल.एफ.पी. ले स्थानिय जनता खास गरि गरीब र सीमान्तकृतहरूको जीविकोपार्जनमा सुधार ल्याउने हेतुले वनको न्यायोचित एवं दिगो व्यवस्थापन कार्यमा सहयोग गरिरहेको छ । यसले स्थानीय गैर सरकारी संस्था (गै.स.स.)बाट जनशक्ति परिचालन गरी स्थानिय समुदायको सशक्तीकरण गर्दछ भने जि.व.का. मार्फत् वन उपभोक्ता समूहहरूलाई प्राविधिक वन व्यवस्थापनको कार्यमा सहयोग गर्दछ । गरीब र निमुखा वर्गको उत्थानको लागि एल.एफ.पी.द्वारा समावेशीय विकासका अवधारणा (द्वन्दप्रति संवेदनशील) तयार गरी कार्य गरेको छ । एल.एफ.पी.द्वारा तयार गरिएका यी अवधारणाहरू दातृसंस्थाहरूले तयार पारेका आधारभूत कार्यक्रम सञ्चालन निर्देशिकासँग मिल्दाजुल्दा छन् ।

## एल.एफ.पी.को प्रयास र द्वन्दको प्रभाव

यो अध्ययनलाई व्यवस्थीत गर्न डी.एफ.आई.डी.ले सन् १९९० मा तयार पारेको जीविकोपार्जन तथा सामाजिक समावेशीकरणको अनुगमन खाकाको मद्दत लिइएको छ । कोशी पहाडी क्षेत्रका चारै वटा जिल्लाहरूमा योजना कार्यान्वयन र मुल्याङ्कनमा प्रयोग गरिएको यो अनुगमन खाकाले सम्पत्ति र स्रोतहरूमा गरीब र निमुखाहरूको पहुँच, समूह तथा संस्थाहरूको नीतिमा परिवर्तन तथा समूहहरूमा गरीब र निमुखाहरूको प्रभावकारी सहभागिता जस्ता क्षेत्रमा विशेष जोड दिएको छ । सा.व.उ.स.को सन्दर्भमा गरीब र निमुखाहरूलाई कसरी स्रोतको लाभांश वितरणमा सहभागी गराउने, कसरी सा.व.उ.स.को विधान र वन कार्ययोजनामा नीतिहरू परिवर्तन गरेर उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने तथा कसरी उनीहरूको आवाज र

प्रभावलाई सामुदायिक विकास प्रक्रियामा सुनिश्चित गराउने भन्ने कुरा यस लेखमा उल्लेख गरिएका छन् ।

## *आवाज र प्रभावमा वृद्धि*

द्वन्दको उतारचढावयुक्त वातावरणमा एल.एफ.पी.को सहयोगले गरीब र निमुखाहरूलाई निर्णय प्रक्रियामा सामेल गर्न कसरी जोड दियो र उनीहरूको आवाजलाई कसरी सुदृढ गरियो भन्ने कुराको तथ्य यहाँ प्रस्तुत गरिएको छ । यसको लागि माओवादीहरूले पछाडि पारिएका वर्गहरूको कुरा सुनी उनीहरूलाई बञ्चितीकरणबाट उम्कन केही हदसम्म सहयोग गरेको पाइन्छ । उनीहरूले सदियौंदेखि चलि आएको परम्परागत प्रक्रिया तथा ग्रामीण नेतृत्वलाई चुनौती दिए । पहिला पहिला टाठाबाठाहरूको भनिने धेरै सा.व. हाल सबै उपभोक्ताको सा.व. भएको छ भने गरीबहरूलाई बिरलै सहभागी गराइने निर्णय प्रक्रियामा पनि नाटकीय रूपमा उनीहरूको सहभागिता बढाइएको पाइन्छ ।

तलको तालिका १ ले एल.एफ.पी.को कार्यक्षेत्रमा महिला र गरीबहरूको कुन स्तरमा सा.व.उ.स.को निर्णय प्रक्रियामा सहभागिता बढ्यो भन्ने कुराको झलक प्रस्तुत गर्दछ ।

**तालिका १ सा.व.उ.स.को प्रक्रियामा गरीब र निमुखाहरूको सहभागिता**

| क्र.स. | विवरण | सन् २००२<br>९ प्रतिशतमा ० | सन् २००७<br>९ प्रतिशतमा ० |
|---|---|---|---|
| १ | सा.व.उ.स.मा महिलाको सहभागिता | १९ | ३५ |
| २ | सा.व.उ.स.को भेलामा महिला सहभागिता | १८ | ३० |
| ३ | सा.व.उ.स. समितिमा गरीबको सहभागिता | उपलब्ध नभएको | ५० |
| ४ | सा.व.उ.स.को भेलामा गरीबको सहभागिता | उपलब्ध नभएको | ६० |
| ५ | सा.व.उ.स. समितिमा दलितको सहभागिता | ३ | ८ |
| ६ | सा.व.उ.स.को भेलामा दलितको सहभागिता | २ | ९ |

१० वर्षे माओवादी द्वन्द पश्चात् सा.व.उ.स.मा भएका गरीब एवं दलितहरूको आवाजको प्रभाव बढ्नुका साथै समुहको निर्णय प्रक्रियामा उनीहरूको सहभागिता बढेको पाइन्छ । द्वन्दको अघिल्लो समयमा समूहका टाठाबाठाहरूले गरेको निर्णय गरीब, महिला, दलित तथा अन्य पछाडि पारिएका वर्गहरूले मान्नै पर्ने बाध्यता थियो । तर अहिलेको बदलिँदो समयमा उनीहरूले गरीब र पछाडि पारिएका वर्गहरूलाई समेत निर्णय प्रक्रियामा बाध्यतावस पनि सामेल गराएको पाइन्छ । केही सा.व.उ.स.हरूले त महिला र दलितको लागि छुट्टै सेवा सुविधाहरूको बारेमा प्रष्ट नीति पनि बनाएका छन् ।

द्वन्दको समयमा धेरैपटक सा.व.उ.स.हरूको बैठक एवं आमभेलाहरू सम्पन्न हुन सकेका थिएनन् । धनकुटा फेकोफनका राजेन्द्र खड्काका अनुसार द्वन्दको समयमा बुधवारे गा.वि.स.का १० वटा सा.व.उ.स.हरूको ५ वर्षसम्म बस्न नसकेको आमभेला द्वन्दकै समयमा स्थानीय माओवादी नेताहरूसँग समन्वय गरी सम्पन्न गरिएको थियो । यसै गरि द्वन्दकै समयमा गाउँका अलि जिम्मेबार व्यक्तिहरूको पहलमा गरीब एवं पछाडि पारिएका वर्गहरूमा सेवा र सुविधा पुग्ने कुरा सुनिश्चित गर्न आय आर्जनका लागि केही सा.व.उ.स.हरूमा घुम्तीकोषको समेत शुरूवात भएको थियो ।

## *संस्थागत नीतिहरूमा परिवर्तन*

द्वन्दको समयमा सा.व.उ.स.का केहि नीति नियमहरू गरीब र पछाडि पारिएका वर्गहरूको हित अनुकूल हुने गरी परिवर्तन गराइएको छ । जस्तै सा.व.उ.स.हरूमा समावेशी ढङ्गले सदस्यता दिने, निर्णय प्रक्रियामा समानुपातिक प्रतिनिधित्व गराउने र न्यायोचित बाँडफाँट प्रक्रिया अवलम्बन गर्ने कार्यमा जोड दिइएको पाइन्छ । पूर्वका ग्रामीण क्षेत्रमा माओवादीहरूले स्रोतको सदुपयोग र निर्णय प्रक्रियामा पारदर्शिताको सवाललाई अगाडि सारेर सा.व.उ.स.हरूको विधान र वन कार्ययोजनाहरू समेत परिवर्तन गरेको पाइन्छ ।

सा.व.उ.स.हरूले निर्णय प्रक्रियामा गरेको परिवर्तनको एक झलक तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २: कोशी पहाडी क्षेत्रमा सा.व.उ.स.हरूले गरेको संस्थागत विकास**

| क.स. | क्रियाकलापहरू | सा.व.उ.स.को प्रतिशत |
|---|---|---|
| १ | न्यायपूर्ण (समतामूलक) बाँडफाँट प्रणाली भएका सा.व.उ.स.हरू | २६ |
| २ | विधानमा कम्तीमा ३ वटा समतामूलक प्रावधान भएका सा.व.उ.स.हरू<br>• गरीब र निमुखाहरूका लागि आय आर्जन कार्यक्रम<br>• समितिहरूमा सहभागिता<br>• वन पैदावार प्रयोगका शुल्क न्युनीकरण | ६२ |
| ३ | सार्वजनिक लेखा परीक्षण गर्ने सा.व.उ.स.हरू | ५० |
| ४ | गरीबमुखी विधान कार्ययोजना निर्माण भएका सा.व.उ.स.हरू | ८० |

द्वन्दको समय देखि नै एल.एफ.पी.को सहजीकरणमा सा.व.उ.स.हरूले गरीब र निमुखाहरूको हितमा आफ्नो कोषको प्रयोग गर्ने रणनीति बनाई काम गरी रहेका छन् । सा.व.उ.स.हरूमा घुम्तीकोष परिचालन, सा.व.को जग्गा छुट्याई आय आर्जनका साथै साना तथा मझौला उद्यमहरू सञ्चालन आदि कार्यहरू भई रहेका छन् । यद्यपि बिडम्वनाको कुरा यो छ कि केही सा.व.उ.स.हरूको कोष स्थानीय टाठाबाठाहरूको हातमा वा बैंकमा रहेको देखिन्छ । तालिका ३ ले सा.व.उ.स.हरूमा सन् २००१ र सन् २००७ मा परिचालन भएको कोषको परिवर्तन बारेमा जानकारी गराउँदछ ।

**तालिका ३: गरीबमुखी क्रियाकलापको लागि सा.व.उ.स.को कोष परिचालनमा परिवर्तन**

| विवरण | सन् २००१ | सन् २००७ | फरक |
|---|---|---|---|
| सा.व.उ.स. को संख्याको आधार | १२११ | १०६१ | ९-० १५०.९२ |
| खुद आय (रू.) | ४९,६७,११७.६३ | ३,२१,०२,८७४.५५ | २,७१,३५,७५६.९२ |
| सा.व.उ.स.को आय (रू.) | ४,१०१.६७ | ३०,२५७.१९ | २६,१५५.५२ |
| खुद खर्च (रू.) | ३५,३७,७९७.०० | ३,०६,३५,१४७.५० | २,७०,९७,३५०.५० |
| सा.व.उ.स.को खर्च (रू.) | २,९२१.३८ | २,८८,८७३.८४ | २५,९५२.४६ |
| गरीबमुखी कार्यक्रम | ९५,९४८.०० | ८४,९८,५१४.५० | ८४,०२,५६६.५० |
| गरिबमूखि कार्यमा सा.व.उ.स. | ७९.२३ | ८००९.९१ | ७९३०.६८ |
| गरीब उन्मुख % | ३% | २८% | २५% |

माथिको तालिकाले सा.व.उ.स.हरूले सन् २००१ मा गरीबमुखी कार्यमा खर्च गरेको ३% कोष सन् २००७ मा बृद्धि भएर २८% सम्म पुगेको देखिन्छ ।

द्वन्दको प्रभावले गर्दा महिला, गरीब, दलित, जनजाती लगायत अन्य पछाडि पारिएका वर्गहरूलाई सा.व.उ.स.को निर्णय प्रक्रियामा समावेश गर्न शुरूवात गरेको पाइन्छ । यस्ता कार्यलाई संस्थागत गर्न विधान र कार्ययोजनाहरूमा समेत प्रावधानहरू राख्ने गरिएको पाइन्छ भने नेतृत्व तहमा पनि सबै तह र तप्काका व्यक्तिहरूको प्रतिनिधित्व गराइएको पाइन्छ । उपलब्ध तथ्याङ्क अनुसार ६२% सा.व.उ.स.हरूले समतामा आधारित लाभांश वितरण प्रणाली अपनाएको पाइन्छ । यस्ता सा.व.उ.स.हरूले सम्पन्नता स्तरीकरणको आधारमा मूल्य निर्धारण गरी गरीब घरधुरीहरूलाई निःशुल्क वन पैदावार वितरण गरेका छन् । हाल विधान र कार्ययोजना तयार गर्दा पनि वृहत रूपमा गाउँ र टोलस्तरमा छलफल तथा समन्वय गरी बनाउने गरेको पाइन्छ ।

## *सम्पत्ति र स्रोतहरूमा पहुँच*

गरीबमुखी रणनीति बनाएर एल.एफ.पी.ले आफ्ना क्रियाकलापहरू अगाडी बढाएकाले द्वन्दको समयमा पनि सा.व.उ.स.को आन्तरिक र बाह्य स्रोतमा पहुँच बढ्नुका साथै गरीबमुखी साना भौतिक पूर्वाधार विकास, कोष परिचालन र मानव विकासमा समेत राम्रो प्रभाव परेको देखिन्छ । खाली रहेको वन क्षेत्रको जग्गामा गरीबहरूको पहुँच बढेकाले स्रोतको सदुपयोगमा उनीहरूको सहभागीता बढेको देखिन्छ । द्वन्दको वातावरणमा एल.एफ.पी.को सहयोगले सा.व.उ.स.को कोष चार किसिमबाट परिचालन भएको छ ।

पहिलो, द्वन्दको कारण सा.व.उ.स.मा संस्थागत परिवर्तन भएको पाइन्छ । आय आर्जन कार्यक्रमको लागि बढी भन्दा बढी बजेट ग्रामीण क्षेत्रमा ल्याईएको छ जसको परिचालनमा तत्कालिन द्वन्दरत माओवादी लगायत अन्य राजनीतिक पार्टीहरु समेतबाट सहयोग भएको पाइन्छ । हाल यस्ता क्रियाकलापका साथै गरीबमुखी अवधारणालाई सा.व.उ.स.को विधान र कार्ययोजनाहरूमा समेत समावेश गरी गरीब र पछाडि पारिएका वर्गको उत्थानमा लगाउने काम अगाडि बढिरहेको छ ।

दोस्रो द्वन्द पूर्व सा.व.उ.स.को सदस्यताबाट बिमुख हुनु गरीब र निमुखाहरूको एउटा प्रमुख सवाल थियो तर अहिले ८०% सा.व.उ.स.हरूले गरीबमुखी विकास अवधारणालाई आत्मसात गरेको पाइन्छ । उदाहरणको लागि पर्वत जिल्लामा सा.व.उ.स.का सदस्य बन्नबाट बञ्चित ९९७ घरधुरी मध्ये ८०% घरधुरीहरू गरीब र निमुखा वर्गका थिए । सदस्यताका लागि लगाइएको चर्को शुल्कको नियमले गरीब तथा निमुखा वर्गलाई परेको समस्यापछि माओवादीहरू समेतको पहलमा समाधान भएको पाइन्छ । वञ्चितीकरणमा परेका केहि घरधुरीहरू पछि स्थानीयस्तरमै माओवादी पार्टीमा समेत सहभागी भएका थिए ।

तेस्रो, सा.व.उ.स.को कोष तत्कालीन माओवादी लडाकुहरूद्वारा कब्जा हुने डरले उनीहरूले गरीबमुखी कार्यक्रमहरूमा खर्च गरेका थिए । उदाहरणको लागि धनकुटाको कुरूले गा.वि.स.मा पर्ने पहलमाने सा.व.उ.स.का उपाध्यक्ष राजेन्द्र खड्कासँग पनि माओवादीले रु.५०,००० को माग गरेका थिए तर उनले सा.व.उ.स.का १६ जना गरीब समुदायको घरधुरीहरूलाई रु.३२,००० गरीबमूखी कार्यक्रम मार्फत् आय आर्जनको लागि लगानी गरे । पछि फेरि माओवादी लडाकुहरूद्वारा चन्दाको माग गरिएकाले सा.व.उ.स.ले थप रु.१०,००० पनि गरीबहरूलाई आय आर्जन गरी आफ्नो जीविकोपार्जन सुधारको काममा लगाउने गरी लगानी गर्‍यो र माओवादीलाई चन्दा दिनबाट आफु बच्यो । माओवादीले पनि गरीबहरूको जीविकोपार्जनको लागि कोषको रकम लगानी गरेकाले चन्दा माग्न छोडिदियो ।

चौथो, माओवादीहरूको दबाबको कारण स्थानीय सा.व.उ.स.का टाठाबाठाहरूले गरीबहरूमा जाने रकमको ब्याज दर पनि कम गरेको प्रमाण पाइन्छ । कहिलेकाही स्थानीय टाठाबाठाहरूले २४% देखि ३६% सम्म ब्याज दरमा गरीबहरूलाई ऋण प्रवाह गर्ने गरे तापनि अहिले माओबादी दबाबको कारण ६% देखि १२% सम्मको दरमा ऋण प्रवाह गरेको पाइन्छ । द्वन्द भन्दा अगाडि सा.व.उ.स.को कोष अनुत्पादक कार्य जस्तै मन्दिर बनाउन समेत खर्च गरिन्थ्यो जसमा दलितहरूलाई प्रवेश गर्न समेत निषेध थियो । तर द्वन्दकालमा र द्वन्दको समय पछि एल.एफ.पी.को सहयोगमा साना खानेपानीको कार्यक्रम, सम्पर्क सडकहरू, साना सिंचाई कार्यक्रम, साना तहका आय आर्जनका क्रियाकलापहरू चाँडै प्रतिफल दिने कार्यक्रमको रूपमा शुरूवात भएको पाइन्छ ।

## चुनौती तथा अवसरहरू

केही राम्रा परिवर्तनहरूका बाबजुद पनि केहि सवाल र समस्याहरू द्वन्द पछि पनि सा.व.उ.स.हरूमा विद्यमान रहेको पाइन्छ ।

**प्रतिफलको दिगोपना:** द्वन्द कालमा जुन राम्रा अभ्यास/कामहरू सा.व.उ.स.हरूले शुरु गरेका थिए, त्यसको दिगोपना र निरन्तरताको सवाल पनि उत्तिकै चुनौतीपूर्ण छ । सा.व.उ.स.हरू आफैंमा यस्ता राम्रा क्रियाकलापहरूको दिगोपना प्रदान गर्न केही हदसम्म सक्षम रहेका भएता यसको बृहत्तर दिगोपनाको प्रश्न भने यथावत छ । एल.एफ.पी.को कार्य क्षेत्रमा शुरूवात गरिएका राम्रा कामहरूको दिगोपनाको लागि स्थानीय सहजकर्ता र गा.वि.स. स्तरीय सा.व.उ.स.हरूको सञ्जालबाट अगाडि बढाउन सक्ने सम्भाव्यता भने रहेको पाइन्छ ।

**विकास र द्वन्द बीच भएको सहयोग र असहयोग:** विकाससँग सम्बन्धित संघ संस्था र तत्कालीन लडाकुहरू बीच विभिन्न किसिमको सहयोग तथा असहयोग दुबैको वातावरण थियो । शुरूको अवस्थामा विकास कार्यकर्ता र द्वन्द पक्ष बीच धेरथोर विवाद भएको पाइए तापनि पछि आपसी छलफलबाट समस्या समाधान भई विकास कार्यहरू अगाडी बढेको देखिन्छ । उदाहरणको लागि भोजपुरको रानीवासमा एनिमेसन कार्यक्रमका लागि कर्मचारी छान्दा माओवादीबाट शुरूमा विवाद खडा गरिएको थियो तर पछि एल.एफ.पी. र स्थानीय गै.स.स. सामूहिक अभियानको पहलमा आपसी छलफलबाट यस्तो भर्ना प्रक्रिया सहज बनाइएको थियो ।

**द्वन्द पछिको परिस्थितिमा कार्यक्रमको सान्दर्भिकता:** एल.एफ.पी.बाट शुरु गरिएका राम्रा राम्रा नयाँ कामहरूले अन्य विकास संस्थाहरूमा पनि राम्रो प्रभाव पार्न सक्ने सम्भावना देखिन्छ । द्वन्दको समयमा सा.व.उ.स.हरू मात्र अनवरत रूपमा आफ्नो लक्ष्यमा लागि रहेर काम सञ्चालन गर्ने ग्रामीण स्तरका संस्थाहरू थिए । केही ठाउँमा सा.व.उ.स.हरूले गा.वि.स.को विकल्पको रूपमा पनि काम गरेको साथै केही अरू सरोकारवालाहरूले आफ्नो कार्यक्रमहरू सा.व.उ.स. मार्फत् जनतासम्म पुऱ्याएको समेत पाइन्छ । तर हाल आएर अन्य संघ संस्थाहरू पनि ग्रामीण भेगमा समेत सक्रिय हुन थालेकाले सा.व.उ.स.को स्थानीय विकासको सार्न्दभिकता ओझेलमा पर्न सक्दछ ।

**राज्य पुननिर्माणमा प्रभाव र सहयोग:** द्वन्दपछि विभिन्न स्थानीयस्तरमा काम गर्ने व्यक्ति तथा सरोकारवालाहरूको भूमिका र व्यवहारमा फरक आएको पाइन्छ । ग्रामीणस्तरमा भएका नागरिक समाजको अङ्गका रूपमा रहेका सा.व.उ.स.हरू मार्फत् नयाँ संविधानमा गरीब, महिला, दलित तथा अन्य पछाडि पारिएका वर्गहरूको अधिकारका बारेमा अगाडि बढ्न सहयोग हुने कुरा महत्वपूर्ण छ । सा.व.उ.स.हरू र यसका गाउँस्तरीय सञ्जाल तथा महासंघहरूले स्थानीयस्तर र राष्ट्रियस्तरको समस्याहरू पहिल्याउन र यसका समाधान निकाल्न समेत सहयोग गर्न सक्ने सम्भावना छ ।

## निष्कर्ष

यो लेखले माओवादी र राज्यको बीचमा भएको द्वन्दको परिस्थितिमा कसरी एल.एफ.पी.को कोशी पहाडी क्षेत्रमा रचनात्मक रूपले गरीबमुखी क्रियाकलापहरू अगाडी बढे भन्ने बारेमा प्रष्ट्याएको छ । यसले कसरी द्वन्दले सा.व.उ.स.हरूका विधान र कार्ययोजनामा गरीबमुखी अवधारणाहरू आए भन्ने विषयमा प्रष्ट पारेको छ । बाहिरबाट आएका विकास कार्यक्रमहरूप्रति माओवादी लडाकुहरू खासै सन्तुष्ट नभएको अवस्थामा एल.एफ.पी.को गरीबमुखी रणनीतिबाट सञ्चालित कार्यक्रमहरू प्रति उनीहरू सकारात्मक तथा सहयोग गर्न तयार भएका थिए । फलस्वरूप सा.व.उ.स.हरूको निर्णय प्रक्रिया र लाभांश वितरणमा गरीब र अन्य पिछडिएका वर्गहरूको पहुँच बढेको पाइन्छ तर पनि यो लेखले यस्ता हिंस्रक द्वन्द सधैं सकारात्मक हुँदैनन् भन्ने कुरा उजागर गर्न चाहेको छ । हाम्रो अनुभवमा सा.व.उ.स.हरूको काम कारवाही र वितरण प्रणालीमा गरीब र पछाडि पारिएकाहरूको हकको लागि राम्रो शुरूवात भएको यो कार्यक्रम अलि दीर्घकालीन रूपमा अगाडि बढ्न सक्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

**Banjade, M. & Timsina, N.** 2005. Impact of Armed Conflict in Community Forestry of Nepal. *ETFRN News*, **43-44**: 81-83.

**Uprety, D.R.** 2006. Conflicts in Natural Resource Management: Examples from Community Forestry. Available at: www.boku.ac.at/oega.